# नेपालमा धितोपत्र वित्तीय सेवाको मुख्य नियामकीय रूपरेखा, २०८३

***(Development with Discipline, Innovation with Integrity & Growth with Stability)***


**नेपाल धितोपत्र बोर्ड**

खुमलटार, ललितपुर ।


*साउन २०८३*

# नेपालमा धितोपत्र वित्तीय सेवाको मुख्य नियामकीय रूपरेखा, २०८३

## नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

*साउन २०८३*

## विषय सूची

**विवरण** **पृष्ठ नं.**

### अध्याय-एक

### प्रस्तावना, बजारको अवस्था र धितोपत्र वित्तीय सेवाको आवश्यकता


१.१ पृष्ठभूमि १
१.२ नियामकीय रूपरेखाको आवश्यकता १
१.३ नियामकीय रूपरेखाको उद्देश्य १
१.४ नियमाकीय रूपरेखाको दायरा २
१.५ नियमाकीय रूपरेखाका आधारभूत सिद्धान्त २
१.६ नेपालको पूँजी बजारको वर्तमान अवस्था ३
१.७ प्रमुख चुनौतीहरू ३
१.८ धितोपत्र वित्तीय सेवाको आवश्यकता ४
१.९ नियामकीय रूपरेखाका नीतिगत उद्देश्य ४
१.१० अपेक्षित परिणाम ५
१.११ निष्कर्ष ५


### अध्याय-दुई

### नियामकीय प्रभाव विश्लेषण (Regulatory Impact Assessment-RIA)


२.१ परिचय ६
२.२ समस्या पहिचान (Problem Statement) ६
२.३ नियामकीय उद्देश्य ६
२.४ विकल्पहरूको विश्लेषण (Options Analysis) ७
२.५ लागत-लाभ विश्लेषण ७
२.६ जोखिम विश्लेषण ८
२.७ जोखिम न्यूनीकरण उपाय ८
२.८ संस्थागत प्रभाव ९
२.९ नेपालको लागि विशिष्ट नीति सिफारिस ९
२.१० निष्कर्ष ९


### अध्याय-तीन

### नियामकीय दर्शन (Regulatory Philosophy)


३.१ परिचय १०
३.२ नियामकीय रूपरेखाको लक्ष्य १०
३.३ नियामकीय दर्शनका आधारभूत सिद्धान्त १०

३.४ नियामकीय रूपरेखाको दृष्टिकोण ११
३.५ संस्थागत सहकार्य ११
३.६ नेपालको लागि विशिष्ट नीति सिफारिस १२
३.७ निष्कर्ष १२

**अध्याय-चार**

**मार्गदर्शक सिद्धान्त (Guiding Principles)**

४.२ सिद्धान्त-१ : लगानीकर्ता संरक्षण (Investor Protection) १३
४.३ सिद्धान्त-२ : बजारको निष्पक्षता (Market Integrity) १३
४.४ सिद्धान्त-३ : जोखिममा आधारित नियमन (Risk-Based Regulation) १३
४.५ सिद्धान्त-४ : समानुपातिक नियमन (Proportionality) १३
४.६ सिद्धान्त-५ : पारदर्शिता तथा खुलासा (Transparency and Disclosure) १३
४.७ सिद्धान्त-६ : उत्तरदायित्व (Accountability) १४
४.८ सिद्धान्त-७ : बजार विकास (Market Development) १४
४.९ सिद्धान्त-८ : प्रविधि-सक्षम नियमन (Technology-Enabled Regulation) १४
४.१० सिद्धान्त-९ : संस्थागत समन्वय (Regulatory Coordination) १४
४.११ सिद्धान्त-१० : चरणबद्ध कार्यान्वयन (Phased Implementation) १४
४.१२ सिद्धान्त—११ : वित्तीय स्थायित्व (Financial Stability) १४
४.१३ सिद्धान्त-१२ : निरन्तर समीक्षा (Continuous Improvement) १५
४.१४ नेपालको लागि विशिष्ट नीति सिफारिस १५
४.१५ निष्कर्ष १५

**अध्याय-पाँच**

**नेपालको पूँजी बजार लिभरेज, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग तथा डेरिभेटिभ्स जोखिम व्यवस्थापन नीति, २०८३**

५.१ नेपालको पूँजी बजारको विकास अवस्था १६
५.२ नीतिको उद्देश्य १७
५.३ नीति कार्यान्वयनका मुख्य स्तम्भ १७
५.४ Institutional Framework १८
५.५ Technology Architecture Framework १८
५.६ Risk Management Framework १८
५.७ चरणबद्ध कार्यान्वयन योजना १९
५.८ नीति सन्देश १९

## अध्याय–छ

## नेपाल पूँजी बजारको वर्तमान अवस्था, समस्या विश्लेषण तथा सुधार आवश्यकता


| | |
|---|---|
| ६.१ नेपालको पूँजी बजारको वर्तमान अवस्था | २० |
| ६.२ नेपालको वर्तमान बजार संरचना | २० |
| ६.३ नेपालको पूँजी बजारका प्रमुख चुनौतीहरू | २० |
| ६.४ अन्तर्राष्ट्रिय अनुभवबाट सिकाइ | २१ |
| ६.५ भारतको अनुभवबाट नेपालको लागि सान्दर्भिक सिकाइ | २१ |
| ६.६ हाल Margin Lending, SLB र Short Selling आवश्यकता | २२ |
| ६.७ रणनीतिक आवश्यकता | २२ |
| ६.८ हालको Regulatory Gap Analysis | २२ |
| ६.९ सुधारको रणनीतिक दृष्टिकोण | २३ |
| ६.१० निष्कर्ष | २३ |


## अध्याय–सात

## मार्जिन कर्जा प्रणालीको अवधारणा, नियमन, जोखिम व्यवस्थापन तथा कार्यान्वयन मोडेल


| | |
|---|---|
| ७.१ Margin Lending को अवधारणा | २४ |
| ७.२ नेपालको सन्दर्भमा Margin Lending को आवश्यकता | २४ |
| ७.३ अन्तर्राष्ट्रिय अभ्यास | २४ |
| ७.४ नेपालको लागि प्रस्तावित Margin Lending Model | २५ |
| ७.५ Margin Lending का सहभागी | २५ |
| ७.६ Eligible Securities Framework | २६ |
| ७.७ Margin Requirement Framework | २६ |
| ७.८ Initial Margin व्यवस्था | २६ |
| ७.९ Maintenance Margin व्यवस्था | २६ |
| ७.१० Daily Mark-to-Market (MTM) | २७ |
| ७.११ Margin Call Framework | २७ |
| ७.१२ Forced Liquidation Framework | २७ |
| ७.१३ Risk Management Framework | २७ |
| ७.१४ Stockborker Level Risk Control | २८ |
| ७.१५ IT Architecture | २८ |
| ७.१६ SEBON Supervisory Model | २८ |
| ७.१७ कार्यान्वयन रोडम्याप (Implementation Roadmap) | २८ |
| ७.१८ नीति सन्देश | २८ |

## अध्याय-आठ

## धितोपत्र सापटी तथा उधारो कारोबार संरचना


८.१ SLB को अवधारणा २९
८.२ नेपालको लागि SLB को आवश्यकता २९
८.३ अन्तर्राष्ट्रिय अभ्यास ३०
८.४ नेपालको प्रस्तावित SLB Model ३०
८.५ SLB का प्रमुख सहभागी ३१
८.६ Eligible Securities Framework ३१
८.७ SLB Transaction Process ३१
८.८ Lending Fee Mechanism ३२
८.९ Collateral Management Framework ३२
८.१० Recall Mechanism ३२
८.११ Settlement Framework ३३
८.१२ Default Management ३३
८.१३ SLB Risk Management Framework ३३
८.१४ IT Architecture ३४
८.१५ Regulatory Supervision ३४
८.१६ कार्यान्वयन रोडम्याप(Implementation Roadmap) ३४
८.१७ नीति सन्देश ३५


## अध्याय-नौ

## आवरणयुक्त शर्ट सेलिङ्गको संरचना


९.१ Covered Short Selling को अवधारणा ३६
९.२ नेपालको लागि Covered Short Selling को आवश्यकता ३६
९.३ Short Selling का प्रमुख लाभ ३७
९.४ नेपालको लागि नीति सिद्धान्त ३७
९.५ अन्तर्राष्ट्रिय अभ्यास ३७
९.६ नेपालको प्रस्तावित Short Selling Structure ३७
९.७ Covered Short Selling का सहभागी ३८
९.८ Eligible Securities Framework ३८
९.९ Borrow Verification Requirement ३९
९.१० Short Selling Order Identification ३९
९.११ Margin Requirement Framework ३९

९.१२ Maintenance Margin ३९
९.१३ Short Position Limit ४०
९.१४ Short Selling Disclosure Framework ४०
९.१५ Settlement Framework ४०
९.१६ Buy-in Mechanism ४०
९.१७ Market Abuse Prevention ४०
९.१८ SEBON SupTech Monitoring ४१
९.१९ कार्यान्वयन रोडम्याप(Implementation Roadmap) ४१
९.२० नीति सन्देश ४१

**अध्याय-दश**

**आवरणयुक्त गरिएको फर्वार्ड करार तथा डेरिभेटिभ्स बजार पूर्वाधार संरचना**

१०.१ Derivatives Market को अवधारणा ४२
१०.२ नेपालको लागि Derivatives Market को आवश्यकता ४२
१०.३ अन्तर्राष्ट्रिय अभ्यास ४२
१०.४ नेपालको लागि Derivatives Development Strategy ४३
१०.५ Covered Forward Contract को अवधारणा ४३
१०.६ Forward Contract का उद्देश्य ४३
१०.७ Covered Forward मात्र अनुमति गर्ने नीति ४४
१०.८ Forward Contract Participants ४४
१०.९ Contract Specification Framework ४४
१०.१० Margin तथा Collateral Framework ४४
१०.११ Mark-to-Market (MTM) ४५
१०.१२ Clearing तथा Settlement Framework ४५
१०.१३ Risk Management Framework ४५
१०.१४ Derivatives Trading Infrastructure ४५
१०.१५ SEBON को भूमिका ४६
१०.१६ Derivatives Investor Protection ४६
१०.१७ Implementation Roadmap ४६
१०.१८ नीति सन्देश ४६

## अध्यक्षको मन्तव्य

नेपालको पूँजी बजार अहिले विकासको एक महत्वपूर्ण मोडमा उभिएको छ। विगत तीन दशकमा बजारले संस्थागत विकास, डिजिटल प्रविधिको प्रयोग, लगानीकर्ताको पहुँच विस्तार तथा नियामकीय संरचनाको विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । तथापि पूँजी बजारको गहिराइ, तरलता, दक्षता तथा विश्वसनीयता अभिवृद्धि गर्नुपर्नेछ । बोर्डको आ.व. २०८३।८४ को पूँजी बजार नीतिमा मार्जिन लेण्डिङ्ग, सेक्युरिटी लेंडिङ्ग एण्ड बरोइङ र सर्ट सेलिङ् लगायतका अन्तर्राष्ट्रियरूपमा अभ्यासमा रहेका बजार संयन्त्रहरू उपकरणहरूका विषयमा चरणबद्ध रूपमा अध्ययन, परीक्षण तथा कार्यान्वयन गर्ने सार्वजनिक गरिएको थियो ।

बोर्डबाट धितोपत्र वित्तीय सेवा (Securities Financing Services) को रूपमा रहेका मार्जिन लेण्डिङ्ग, सेक्युरिटी लेंडिङ्ग एण्ड बरोइङ र सर्ट सेलिङ् संचालन व्यवस्थाका लागि Market Readiness तथा सरोकारवाला पक्षहरूको राय/सुझाव लिने गरी "नेपालको धितोपत्र बजारमा मार्जिन लेण्डिङ्ग (Margin Lending), धितोपत्र उधारो तथा सापटी (Securities Lending and Borrowing) र शर्ट सेलिङ्ग (Short Selling) को लागि गर्नुपर्ने नीतिगत, कानूनी, संरचनागत तथा प्राविधिक व्यवस्था सम्बन्धी अवधारणापत्र, २०८३" विषयक Consultation Paper यही मिति २०८३ साउन १४ गते सार्वजनिक गरिसकिएको छ। यी सेवाहरूको सफल कार्यान्वयनका लागि स्पष्ट कानुनी आधार, सक्षम बजार पूर्वाधार, प्रभावकारी सूचना प्रविधि प्रणाली, सुदृढ जोखिम व्यवस्थापन तथा लगानीकर्ता संरक्षणका उपायहरू अपरिहार्य हुन्छन्।

धितोपत्र वित्तीय सेवाको विकासले बजार तरलता अभिवृद्धि, मूल्य अन्वेषण (Price Discovery), संस्थागत लगानीकर्ताको सक्रियता, जोखिम व्यवस्थापन र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकतामा सघाँउ पुग्ने देखिन्छ। उक्त अवधारणापत्रमा उल्लिखित विषयवस्तुहरूलाई समेत समेटी नेपाल धितोपत्र बोर्ड एवं बजारका सहभागीहरू नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लिरिङ्ग लि., स्टकब्रोकरहरू, बैंक तथा वित्तीय संस्था र लगानीकर्ताहरू समेतको लागि जोखिममा आधारित प्रविधिमुखी बनाउने गरी "**नेपालमा धितोपत्र वित्तीय सेवाको मुख्य नियामकीय रूपरेखा, २०८३**" सार्वजनिक गरिएको छ ।

यस नियमाकीय रूपरेखामा धितोपत्र वित्तीय सेवाको आवश्यकता, नियमकीय प्रभाव विश्लेषण, नियामकीय दर्शन, मार्गदर्शन सिद्दान्त र नेपाल पूँजी बजार लिभरेज, धितोपत्र सापटि तथा उधारो, शर्ट सेलिङ्ग तथा डेरिभेटिभ्स जोखिम व्यवस्थापन नीति, मार्जिन कर्जा प्रणालीको अवधारणा, नियमन, जोखिम व्यवस्थापन तथा कार्यान्वयन मोडेल, कभर गरिएको शर्ट सेलिङ्गको संरचना र कभर गरिएको फर्वार्ड करार तथा डेरिभेटिभ्स बजार पूर्वाधार संरचना सम्बन्धमा बोर्डको स्पष्ट योजना प्रस्तुत गरिएको छ ।

नेपाल धितोपत्र बोर्ड पूँजी बजारलाई सुरक्षित, पारदर्शी, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय स्तरको आधुनिक पूँजी बजारका रूपमा विकास गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको विश्वास समेत दिलाउन चाहन्छौं । पूँजी बजारको विकास अभियानमा नेपाल सरकार लगायत सम्बद्ध सबैपक्षको सहयोग र रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

१५ साउन २०८३

**डा. गोपाल प्रसाद भट्ट**
अध्यक्ष

# अध्याय-एक
# प्रस्तावना, बजारको अवस्था र धितोपत्र वित्तीय सेवाको आवश्यकता

## १.१ पृष्ठभूमि

नेपालको पूँजी बजारले विगत तीन दशकमा संस्थागत विकास, लगानीकर्ता सहभागिता, धितोपत्र सूचीकरण तथा विद्युतीय कारोबार प्रणालीको विस्तारका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। नेपाल धितोपत्र बोर्ड (SEBON), नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (NEPSE) तथा सिडिएस एण्ड क्लिरिङ्ग लि. (CDS and Clearing Limited- CDSC) को स्थापना तथा विकाससँगै बजारको आधारभूत पूर्वाधार क्रमशः सुदृढ भएको छ। यद्यपि, नेपालको पूँजी बजार अझै पनि मुख्यतः रकम (Cash/Spot) मा आधारित बजारमा सीमित रहेको छ।

विकसित पूँजी बजारहरूमा प्रचलित धितोपत्र वित्तीय सेवा (Securities Financing Services) जस्तै मार्जिन ऋण (Margin Lending), धितोपत्र सापटी तथा उधारो (Securities Lending and Borrowing-SLB) तथा आवरणयुक्त शर्ट सेलिङ् (Covered Short Selling) सम्बन्धी एकीकृत नियामकीय व्यवस्था नेपालमा हालसम्म पूर्ण रूपमा विकास भएको छैन। यी सेवा सञ्चालनका लागि आवश्यक कानुनी, सञ्चालनगत तथा जोखिम व्यवस्थापनसम्बन्धी एकीकृत व्यवस्था विकास गर्नुपर्नेछ ।

यी सेवाहरू सञ्चालन गर्दा बजारको गहिराइ (Market Depth), तरलता (Liquidity), मूल्य अन्वेषण (Price Discovery), जोखिम व्यवस्थापन तथा संस्थागत लगानीकर्ताको सक्रिय सहभागिता अभिवृद्धि गर्न यस्ता सेवाहरू आवश्यक मानिन्छ। तर, यस्ता सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न स्पष्ट कानुनी आधार, सक्षम बजार पूर्वाधार, सुदृढ जोखिम व्यवस्थापन प्रणाली तथा प्रभावकारी सुपरिवेक्षण व्यवस्था अनिवार्य हुन्छ।

## १.२ नियामकीय रूपरेखाको आवश्यकता

नेपालमा धितोपत्र वित्तीय सेवाको विकासका लागि विद्यमान कानुनी, संस्थागत तथा प्राविधिक संरचनालाई सुदृढ बनाउन मुख्य नियामकीय रूपरेखा (Master Regulatory Framework) आवश्यक देखिएको छ। यस रूपरेखाको उद्देश्य धितोपत्र वित्तीय सेवाको सुरक्षित, पारदर्शी तथा चरणबद्ध विकासका लागि आवश्यक सम्पूर्ण नियामकीय रूपरेखा निर्माण गर्नु हो। यस रूपरेखाले निम्न प्रमुख आवश्यकताहरूलाई सम्बोधन गर्ने लक्ष्य राख्दछः

क) मार्जिन ऋण प्रणालीको सुरक्षित प्रारम्भ।

ख) धितोपत्र सापटी तथा उधारो प्रणालीको विकास।

ग) आवरणयुक्त शर्ट सेलिङ्का लागि कानुनी तथा सञ्चालनगत आधार।

घ) बजार पूर्वाधार (NEPSE, CDSC, Stockbroker तथा बैंक) को सुदृढीकरण।

ङ) लगानीकर्ता संरक्षण तथा बजारको निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था।

च) अन्तर्राष्ट्रिय असल अभ्यास अनुकूल नियामकीय मापदण्डको विकास।

### १.३ नियामकीय रूपरेखाको उद्देश्य

यस नियामकीय रूपरेखाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

क) धितोपत्र वित्तीय सेवाका लागि एकीकृत नियामकीय दर्शन (Regulatory Philosophy) स्थापना गर्नु।

ख) बोर्डद्वारा जारी हुने नियमावली, निर्देशिका तथा कार्यविधिहरू बीच एकरूपता सुनिश्चित गर्नु।

ग) बजार पूर्वाधार, जोखिम व्यवस्थापन, सुपरिवेक्षण तथा कार्यान्वयनका लागि साझा नीति आधार तयार गर्नु।

घ) नेपालमा धितोपत्र वित्तीय सेवाको चरणबद्ध कार्यान्वयनका लागि मार्गचित्र (Roadmap) प्रदान गर्नु।

ङ) दीर्घकालीन रूपमा नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय असल अभ्याससँग क्रमिक रूपमा समन्वित गर्नु।

### १.४ नियमाकीय रूपरेखाको दायरा

यस मुख्य नियामकीय रूपरेखा अन्तर्गत निम्न दस्तावेजहरू विकास गरिनेछन्:

| | |
|---|---|
| (क) कानुनी दस्तावेज | क) Margin Lending Regulations<br>ख) Securities Lending and Borrowing Regulations<br>ग) Covered Short Selling Regulations |
| (ख) नियामकीय निर्देशिका | क) Margin Lending Directives<br>ख) SLB Directives<br>ग) Covered Short Selling Directives |
| (ग) सञ्चालन दस्तावेज | क) SEBON Supervisory Manual<br>ख) Stockbroker Operations Manual<br>ग) CDS & Clearing Operational Manual<br>घ) Risk Management Manual |
| (घ) कार्यान्वयन दस्तावेज | क) Implementation Blueprint<br>ख) Standard Forms<br>ग) Reporting Templates<br>घ) Standard Agreements |

### १.५ नियमाकीय रूपरेखाका आधारभूत सिद्धान्त

यो नियमाकीय रूपरेखा निम्न आधारभूत सिद्धान्तहरूमा आधारित हुनेछः

क) लगानीकर्ता संरक्षण।

ख) बजारको निष्पक्षता र पारदर्शिता।

ग) जोखिममा आधारित नियमन।

घ) संस्थागत उत्तरदायित्व।

ङ) प्रविधिमा आधारित नियमन।

च) चरणबद्ध कार्यान्वयन।

छ) अन्तर्राष्ट्रिय असल अभ्याससँग सामञ्जस्यता।

ज) नेपालको कानुनी तथा संस्थागत परिवेश अनुकूलता।

### १.६ नेपालको पूँजी बजारको वर्तमान अवस्था

हाल नेपालको पूँजी बजारका प्रमुख विशेषताहरू निम्नानुसार रहेका छन्:

**(क) रकम कारोबारमा अत्यधिक निर्भरताः** बजारको अधिकांश कारोबार रकम भुक्तानी र तत्काल स्वामित्व हस्तान्तरणमा आधारित रहेको छ। वैकल्पिक कारोबार संरचनाहरूको अभावले बजारको लचकता सीमित भएको छ।

**(ख) सीमित वित्तीय उत्पादनः** सूचीकृत उपकरणहरू मुख्यतः साधारण शेयर, ऋणपत्र, सामूहिक लगानी कोष तथा केही अन्य परम्परागत उपकरणमा सीमित छन्। धितोपत्र वित्तीय सेवा तथा उन्नत बजार उपकरणहरूको विकास प्रारम्भिक चरणमा रहेको छ।

**(ग) व्यक्तिगत (Retail) लगानीकर्ताको उच्च हिस्साः** कारोबारमा व्यक्तिगत लगानीकर्ताको उल्लेखनीय सहभागिता रहेको छ, जबकि दीर्घकालीन संस्थागत लगानीकर्ताको सहभागिता अपेक्षाकृत कम छ। यसले बजारलाई बढी अस्थिर बनाउन सक्छ।

**(घ) बजार पूर्वाधारको क्रमिक विकासः** NEPSE, CDSC तथा विद्युतीय कारोबार प्रणालीको विकासले बजार सञ्चालनलाई आधुनिक बनाएको भएपनि, मार्जिन लेण्डिङ्ग, धितोपत्र सापटि तथा उधारो, स्वचालित जोखिम व्यवस्थापन तथा वास्तविक समय (Real-time) निगरानीका लागि थप प्रणाली विकास आवश्यक रहेको छ।

**(ङ) जोखिम व्यवस्थापनको सीमित संरचनाः** हालको प्रणाली मुख्यतः कारोबार सम्पन्न गर्ने प्रक्रियामा केन्द्रित छ। धितोपत्र वित्तीय सेवाका लागि आवश्यक Haircut, Initial Margin, Maintenance Margin, Stress Testing, Default को व्यवस्थापन तथा Collateral Management जस्ता उन्नत जोखिम व्यवस्थापन संरचनाहरू विकास गर्न आवश्यक छ।

### १.७ प्रमुख चुनौतीहरू

नेपालको पूँजी बजारले निम्न प्रमुख चुनौतीहरू सामना गरिरहेको छः

क) बजार तरलताको सीमितता।

ख) सीमित संस्थागत सहभागिता।

ग) जोखिम व्यवस्थापन प्रणालीको अपर्याप्तता।

घ) नयाँ वित्तीय उपकरणहरूको अभाव।

ङ) धितोपत्र वित्तीय सेवासम्बन्धी स्पष्ट कानुनी आधारको अभाव।

च) बजार पूर्वाधारमा थप स्वचालन तथा एकीकरणको आवश्यकता।

छ) बजार निगरानी तथा डेटा विश्लेषण क्षमता सुदृढ गर्नुपर्ने आवश्यकता।

## १.८ धितोपत्र वित्तीय सेवाको आवश्यकता

धितोपत्र वित्तीय सेवाको विकासले निम्न उद्देश्यहरू पूरा गर्न सहयोग पुऱ्याउन सक्छः

**(क) बजार तरलता अभिवृद्धिः** मार्जिन ऋण तथा Securities Lending & Borrowing (SLB) प्रणालीले बजारमा कारोबारको निरन्तरता तथा तरलता वृद्धि गर्न सहयोग पुऱ्याउँछ।

**(ख) मूल्य अन्वेषण (Price Discovery) सुधारः** Covered Short Selling जस्ता व्यवस्थाले बजारमा सकारात्मक तथा नकारात्मक दुवै सूचना मूल्यमा समावेश हुन सहयोग पुऱ्याई मूल्य निर्धारणलाई अधिक प्रभावकारी बनाउन सक्छ।

**(ग) संस्थागत लगानीकर्ताको सक्रियताः** SLB ले पेन्सन कोष, बीमा कम्पनी, सामूहिक लगानी कोष तथा अन्य संस्थागत लगानीकर्तालाई अतिरिक्त आम्दानीको अवसर उपलब्ध गराउन सक्छ।

**(घ) जोखिम व्यवस्थापनः** Collateral Management, Margin Requirement तथा Stress Testing जस्ता उपायहरूले बजारको समग्र जोखिम व्यवस्थापन क्षमता सुदृढ बनाउँछन्।

**(ङ) अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताः** धितोपत्र वित्तीय सेवाको विकासले नेपालको पूँजी बजारलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय असल अभ्याससँग क्रमशः समन्वित गर्न सहयोग पुऱ्याउनेछ।

## १.९ नियामकीय रूपरेखाका नीतिगत उद्देश्य

यस नियमाकीय रूपरेखाको नीतिगत उद्देश्यहरू निम्नानुसार रहनेछन्:

क) सुरक्षित र चरणबद्ध रूपमा मार्जिन ऋण प्रणालीको कार्यान्वयन।

ख) पारदर्शी तथा नियमनयुक्त SLB बजारको स्थापना।

ग) Covered Short Selling का लागि आवश्यक कानुनी तथा सञ्चालनगत आधार तयार गर्नु।

घ) बजार पूर्वाधारको आधुनिकीकरण।

ङ) जोखिम व्यवस्थापन तथा सुपरिवेक्षण प्रणाली सुदृढ गर्नु।

च) लगानीकर्ता संरक्षणलाई प्राथमिकतामा राख्दै बजार विकासलाई प्रोत्साहन गर्नु।

## १.१० अपेक्षित परिणाम

यस नियामकीय रूपरेखाको कार्यान्वयनबाट निम्न दीर्घकालीन परिणामहरू अपेक्षित छन्:

क) सुरक्षित र नियमनयुक्त मार्जिन ऋण प्रणाली।

ख) प्रभावकारी Securities Lending and Borrowing व्यवस्था।

ग) Covered Short Selling का लागि आवश्यक कानुनी तथा सञ्चालनगत आधार।

घ) बजार तरलतामा सुधार।

ङ) जोखिम व्यवस्थापनमा सुदृढता।

च) लगानीकर्ता विश्वासमा वृद्धि।

छ) नेपालको पूँजी बजारको प्रतिस्पर्धात्मकता तथा अन्तर्राष्ट्रिय विश्वसनीयतामा अभिवृद्धि।

## १.११ निष्कर्ष

नेपालको पूँजी बजार अब केवल प्राथमिक शेयर निष्कासन र परम्परागत दोस्रो बजार कारोबारमा सीमित रहने अवस्था पार गर्दै नयाँ चरणमा प्रवेश गर्ने तयारीमा छ। यस चरणमा धितोपत्र वित्तीय सेवाको विकास अपरिहार्य भए पनि, त्यसका लागि स्पष्ट कानुनी आधार, सुदृढ बजार पूर्वाधार, सक्षम जोखिम व्यवस्थापन, प्रभावकारी सुपरिवेक्षण तथा चरणबद्ध कार्यान्वयन रणनीति आवश्यक हुन्छ। यस Master Regulatory Framework ले ती सबै पक्षलाई एकीकृत गरी नेपालको पूँजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी, नवप्रवर्तनमैत्री तथा अन्तर्राष्ट्रिय अभ्याससँग क्रमिक रूपमा अनुकूल बनाउने दीर्घकालीन आधार प्रदान गर्ने उद्देश्य राख्दछ।

***

## अध्याय-दुई
## नियामकीय प्रभाव विश्लेषण (Regulatory Impact Assessment-RIA)

### २.१ परिचय

कुनै पनि नयाँ नियामकीय वा कानुनी व्यवस्था लागू गर्नु अघि त्यसबाट हुने आर्थिक, वित्तीय, कानुनी, संस्थागत तथा सामाजिक प्रभावहरूको व्यवस्थित विश्लेषण गर्ने प्रक्रिया नै नियामकीय प्रभाव विश्लेषण (Regulatory Impact Assessment-RIA) हो। यस अध्यायको उद्देश्य नेपालमा मार्जिन लेण्डिङ्ग (Margin Lending), धितोपत्र सापटी तथा उधारो (Securities Lending and Borrowing — SLB) तथा आवरणयुक्त शर्ट सेलिङ् (Covered Short Selling) सम्बन्धी नियामकीय संरचना विकास गर्दा त्यसका सम्भावित लाभ, लागत, जोखिम तथा कार्यान्वयन आवश्यकताहरूको मूल्याङ्कन गर्नु हो।

### २.२ समस्या पहिचान (Problem Statement)

हाल नेपालको पूँजी बजारमा निम्न प्रमुख सीमितताहरू विद्यमान छन्ः

क) रकम (Cash/Spot) मा आधारित कारोबारमा अत्यधिक निर्भरता।
ख) धितोपत्र वित्तीय सेवाका लागि स्पष्ट कानुनी आधारको अभाव।
ग) बजार तरलताको सीमितता।
घ) संस्थागत लगानीकर्ताको सीमित सहभागिता।
ङ) धितो व्यवस्थापन (Collateral Management) तथा मार्जिन नियन्त्रण प्रणालीको अभाव।
च) वास्तविक समय (Real-time) जोखिम अनुगमन प्रणालीको अपर्याप्तता।
छ) मूल्य अन्वेषण (Price Discovery) प्रक्रियामा सीमित दक्षता।

यी समस्याहरूले बजारको दीर्घकालीन विकास, प्रतिस्पर्धात्मकता तथा लगानीकर्ता विश्वासमा प्रभाव पार्न सक्छन्।

### २.३ नियामकीय उद्देश्य

प्रस्तावित सुधारका प्रमुख उद्देश्यहरू निम्नानुसार हुनेछन्ः

क) धितोपत्र वित्तीय सेवाको सुरक्षित र नियमनयुक्त विकास।
ख) बजार तरलता तथा कारोबार प्रभावकारितामा वृद्धि।
ग) संस्थागत लगानीकर्ताको सहभागिता विस्तार।
घ) प्रभावकारी जोखिम व्यवस्थापन प्रणाली स्थापना।
ङ) लगानीकर्ता संरक्षण तथा बजारको निष्पक्षता सुदृढीकरण।
च) अन्तर्राष्ट्रिय असल अभ्याससँग क्रमिक समन्वय।

## २.४ विकल्पहरूको विश्लेषण (Options Analysis)

| | | |
|---|---|---|
| विकल्प १: यथास्थिति कायम राख्ने | फाइदा<br>• तत्काल अतिरिक्त लागत नलाग्ने।<br>• विद्यमान प्रणालीमा परिवर्तन आवश्यक नपर्ने। | बेफाइदा<br>• बजार विकासमा अवरोध।<br>• सीमित तरलता।<br>• नयाँ वित्तीय उपकरण विकासमा कठिनाइ।<br>• अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता कमजोर हुने। |
| विकल्प २: केवल मार्जिन ऋण लागू गर्ने | फाइदा<br>• सीमित दायराबाट सुधार सुरु गर्न सकिने।<br>• कार्यान्वयन अपेक्षाकृत सरल। | बेफाइदा<br>• SLB र Covered Short Selling को आधारभूत संरचना अपूर्ण रहने।<br>• दीर्घकालीन सुधार सीमित हुने। |
| विकल्प ३: चरणबद्ध धितोपत्र वित्तीय सेवा सुधार कार्यक्रम (सिफारिस गरिएको विकल्प)<br>**पहिलो चरण:** Margin Lending<br>**दोस्रो चरण:** Securities Lending and Borrowing (SLB)<br>**तेस्रो चरण:** Covered Short Selling | फाइदा<br>• जोखिम नियन्त्रणसहित चरणबद्ध कार्यान्वयन।<br>• संस्थागत क्षमता विकासको अवसर।<br>• बजार पूर्वाधारलाई क्रमिक रूपमा सुदृढ गर्न सकिने।<br>• अन्तर्राष्ट्रिय अभ्याससँग सामञ्जस्यता विकास। | |

## २.५ लागत-लाभ विश्लेषण

| क्षेत्र | सम्भावित लागत | अपेक्षित लाभ |
|---|---|---|
| SEBON | नियमन, सुपरिवेक्षण तथा क्षमता विकास | प्रभावकारी नियमन र बजार विकास |
| NEPSE | ट्रेडिङ प्रणाली परिमार्जन | कारोबार क्षमता र बजार दक्षता वृद्धि |
| CDS and Clearing Ltd. | धितो व्यवस्थापन तथा SLB प्रणाली | सुरक्षित सेटलमेन्ट र धितो नियन्त्रण |

| क्षेत्र | सम्भावित लागत | अपेक्षित लाभ |
|---|---|---|
| Stockbroker | सूचना प्रविधि प्रणाली, जोखिम व्यवस्थापन, प्रशिक्षण | नयाँ सेवा, आय स्रोत र प्रतिस्पर्धात्मकता |
| Bank/Finance Provider | वित्तीय संरचना तथा सञ्चालन प्रणाली | नयाँ कर्जा व्यवसाय र सेवा विस्तार |
| Investor | जोखिम बुझ्ने क्षमता विकास | लगानीका थप अवसर र तरलता |

## २.६ जोखिम विश्लेषण

मुख्य जोखिमहरू:

क) बजार जोखिम (Market Risk)

ख) कर्जा जोखिम (Credit Risk)

ग) तरलता जोखिम (Liquidity Risk)

घ) सञ्चालन जोखिम (Operational Risk)

ङ) साइबर सुरक्षा जोखिम (Cyber Risk)

च) कानुनी जोखिम (Legal Risk)

छ) प्रणालीगत जोखिम (Systemic Risk)

## २.७ जोखिम न्यूनीकरण उपाय

प्रमुख नियामकीय उपायहरू:

क) Initial Margin & Maintenance Margin

ख) Haircut Policy

ग) Mark-to-Market

घ) Margin Call प्रक्रिया

ङ) Forced Liquidation व्यवस्था

च) Exposure Limits & Concentration Limits

छ) Stress Testing

ज) Independent Risk Management Function

झ) नियमित नियामकीय प्रतिवेदन

ञ) Real-time Market Surveillance

## २.८ संस्थागत प्रभाव

| | |
|---|---|
| SEBON | क) नियामकीय क्षमता अभिवृद्धि<br>ख) जोखिममा आधारित सुपरिवेक्षण<br>ग) डेटा विश्लेषण क्षमता विस्तार |
| NEPSE | क) Margin Lending Module<br>ख) Short Selling Controls<br>ग) Order Validation Mechanism |
| CDS and Clearing Ltd. | क) Pledge Management<br>ख) Collateral Management<br>ग) SLB Settlement Module |
| Stockbroker | क) Risk Management Unit<br>ख) Margin Monitoring System<br>ग) Client Suitability Assessment |
| Bank/Finance Provider | क) Funding Framework<br>ख) Exposure Monitoring<br>ग) Regulatory Reporting |

## २.९ नेपालको लागि विशिष्ट नीति सिफारिस

क) पहिलो चरणमा Margin Lending मात्र सञ्चालन गर्ने।

ख) SLB सञ्चालन गर्नुअघि आवश्यक सूचना प्रविधि तथा सेटलमेन्ट पूर्वाधार विकास गर्ने।

ग) Covered Short Selling केवल सक्रिय SLB प्रणाली उपलब्ध भएपछि मात्र लागू गर्ने।

घ) प्रारम्भिक चरणमा सीमित संख्याका उच्च तरलता भएका धितोपत्र (Eligible Securities) मा मात्र व्यवस्था लागू गर्ने।

ङ) SEBON, NEPSE, CDSC, बैंक तथा स्टक ब्रोकरबीच संयुक्त कार्यान्वयन समिति गठन गर्ने।

च) प्रत्येक चरण पूरा भएपछि नियामकीय समीक्षा गरेर मात्र अर्को चरणमा प्रवेश गर्ने।

## २.१० निष्कर्ष

नियामकीय प्रभाव विश्लेषणबाट चरणबद्धरूपमा मार्जिन ऋण, SLB तथा Covered Short Selling जस्ता सेवा विकास गर्नु नेपालका लागि सबैभन्दा उपयुक्त विकल्प रहेको देखिएको । यसले बजार विकास र जोखिम व्यवस्थापनबीच सन्तुलन कायम राख्दै लगानीकर्ता संरक्षण, बजार तरलता र संस्थागत क्षमता अभिवृद्धिलाई एकै साथ प्रवर्द्धन गर्ने आधार प्रदान गर्ने देखिन्छ।

***

## अध्याय–तीन

## नियामकीय दर्शन (Regulatory Philosophy)

### ३.१ परिचय

धितोपत्र वित्तीय सेवाहरू (Securities Financing Services) पूँजी बजारका अत्याधुनिक वित्तीय संरचनामध्ये एक हुन्। यस्ता सेवाहरूले बजारको तरलता, मूल्य अन्वेषण, बजार दक्षता तथा संस्थागत लगानीकर्ताको सहभागिता बढाउन महत्वपूर्ण भूमिका खेल्दछन्। यिनले बजार, कर्जा, सञ्चालन तथा प्रणालीगत जोखिम पनि सिर्जना गर्न सक्छन्।यस कारण, धितोपत्र वित्तीय सेवाको नियमनको उद्देश्य नवप्रवर्तनलाई रोक्नु होइन, सुरक्षित, पारदर्शी र उत्तरदायी वातावरणमा त्यसको विकास सुनिश्चित गर्नु हो।

नेपालको नियामकीय दर्शन **"Development with Discipline, Innovation with Integrity, and Growth with Stability"** भन्ने मूल अवधारणामा आधारित हुनेछ।

### ३.२ नियामकीय रूपरेखाको लक्ष्य

यस रूपरेखा अन्तर्गत निम्न उद्देश्यहरू प्राप्त गर्ने लक्ष्य राखिएको छः

क) लगानीकर्ता संरक्षण सुनिश्चित गर्ने।

ख) निष्पक्ष, पारदर्शी र व्यवस्थित बजार विकास गर्ने।

ग) धितोपत्र वित्तीय सेवाको सुरक्षित विस्तार गर्ने।

घ) प्रणालीगत जोखिम नियन्त्रण गर्ने।

ङ) बजार पूर्वाधारलाई अन्तर्राष्ट्रियस्तर अनुरूप विकास गर्ने।

च) दीर्घकालीन पूँजी बजार विकासलाई सहयोग गर्ने।

### ३.३ नियामकीय दर्शनका आधारभूत सिद्धान्त

**क) Investor Protection First:** प्रत्येक नियम, निर्देशिका तथा सुपरिवेक्षण गतिविधिको पहिलो प्राथमिकता लगानीकर्ताको हित संरक्षण हुनेछ। यसका लागि पर्याप्त Disclosure, जोखिम जानकारी, ग्राहक उपयुक्तता (Suitability) र निष्पक्ष व्यवहार सुनिश्चित गरिनेछ।

**ख) Market Integrity:** बजारमा मूल्य हेरफेर, कृत्रिम कारोबार, भित्री सूचना (Insider Information) को दुरुपयोग तथा अन्य अनुचित गतिविधिलाई रोक्ने व्यवस्था गरिनेछ।

**ग) Risk Based Regulation:** संस्थाको आकार, कारोबारको प्रकृति, जोखिमको स्तर तथा प्रणालीगत प्रभावका आधारमा जोखिममा आधारित नियमन र सुपरिवेक्षण गरिनेछ।

घ) **Proportional Regulation:** सबै संस्थामाथि समान भार नपारी, जोखिम र क्षमता अनुसार नियामकीय अपेक्षा निर्धारण गरिनेछ।

ङ) **Transparency and Disclosure:** मार्जिन, धितो सुरक्षण, जोखिम, शुल्क, ब्याजदर, डिफल्ट तथा अन्य महत्वपूर्ण सूचनाहरू समयमै सार्वजनिक तथा नियामकसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरिनेछ।

च) **Accountability:** प्रत्येक बजार सहभागी आफ्नो निर्णय, जोखिम तथा आन्तरिक नियन्त्रणका लागि उत्तरदायी हुनेछ।

छ) **Technology-Enabled Regulation:** नियामकीय आवश्यकताहरू प्रविधिमार्फत कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ। यसका लागि Real-time Monitoring, Electronic Reporting, API Integration र Automated Risk Controls लगायतका व्यवस्था गरिनेछ ।

ज) **International Compatibility:** नेपालको नियामकीय संरचना अन्तर्राष्ट्रिय असल अभ्याससँग क्रमिक रूपमा अनुकूल बनाइनेछ, तर स्थानीय कानुनी तथा संस्थागत अवस्था अनुसार आवश्यक परिमार्जन गरिनेछ।

झ) **Financial Stability:** कुनै पनि नयाँ व्यवस्था लागू गर्दा सम्पूर्ण वित्तीय प्रणालीको स्थायित्वमा पर्ने प्रभावलाई ध्यानमा राखिनेछ।

ञ) **Phased Market Development:** धितोपत्र वित्तीय सेवाहरू एकै पटक लागू नगरी चरणबद्ध रूपमा लागू गरिनेछ । सो क्रममा पहिलो चरणमा Margin Lending, दोस्रो चरणमा Securities Lending and Borrowing र तेस्रो चरणमा Covered Short Selling लागू गरिनेछ।

## ३.४ नियामकीय रूपरेखाको दृष्टिकोण

यस नियामकीय रूपरेखाले Rule based Regulation र Principles based Regulation को सन्तुलित मिश्रण अपनाउनेछ।

क) Regulations ले न्यूनतम अनिवार्य मापदण्ड निर्धारण गर्नेछन्।

ख) Directives ले सञ्चालन प्रक्रिया स्पष्ट गर्नेछन्।

ग) Manuals ले कार्यान्वयनमा एकरूपता सुनिश्चित गर्नेछन्।

यसरी कानुनी निश्चितता (Legal Certainty) र सञ्चालन लचकता (Operational Flexibility) बीच सन्तुलन कायम गरिनेछ।

## ३.५ संस्थागत सहकार्य

धितोपत्र वित्तीय सेवाको सफल कार्यान्वयनका लागि SEBON, NEPSE, CDSC, अनुमतिपत्र प्राप्त धितोपत्र दलाल तथा धितोपत्र व्यापारी, बैंक तथा वित्तीय संस्था र संस्थागत लगानीकर्ता बीच स्पष्ट भूमिका, उत्तरदायित्व तथा सूचना आदान प्रदानको व्यवस्था गरिनेछ।

## ३.६ नेपालको लागि विशिष्ट नीति सिफारिस

क) नियामकीय सुधारलाई बजार पूर्वाधार सुधारसँग जोड्ने।

ख) नियम जारी गर्नु अघि सूचना प्रविधि तथा सञ्चालन पूर्वाधारको परीक्षण (Pilot Testing) गर्ने।

ग) Real-time Risk Monitoring प्रणाली विकास गर्ने।

घ) प्रत्येक चरणमा नियामकीय प्रभाव समीक्षा (Post-Implementation Review) गर्ने।

ङ) बजार सहभागीहरूको क्षमता अभिवृद्धि (Capacity Building) लाई कार्यान्वयनको अनिवार्य अंश बनाउने।

## ३.७ निष्कर्ष

नेपालको धितोपत्र वित्तीय सेवा नियमनको उद्देश्य बजारलाई अनावश्यक रूपमा नियन्त्रण गर्नु होइन, सुरक्षित र विश्वसनीय वातावरणमा बजारको विकासलाई सक्षम बनाउनु हो। यस नियामकीय दर्शनले लगानीकर्ता संरक्षण, बजार निष्पक्षता, जोखिम व्यवस्थापन, संस्थागत उत्तरदायित्व तथा प्रविधिमैत्री नियमनलाई सन्तुलित रूपमा समेट्दै दीर्घकालीन पूँजी बजार विकासका लागि आधार तयार गर्दछ।

***

## अध्याय-चार
## मार्गदर्शक सिद्धान्त (Guiding Principles)

### ४.१ परिचय

धितोपत्र वित्तीय सेवा (Securities Financing Services) सम्बन्धी सम्पूर्ण कानुनी, नियामकीय तथा सञ्चालनगत व्यवस्था यस अध्यायमा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूमा आधारित हुनेछ। यी सिद्धान्तहरूले नियम तर्जूमा, निर्देशन जारी गर्ने, सुपरिवेक्षण गर्ने, जोखिम व्यवस्थापन, बजार अनुगमन तथा प्रबलीकरण (Enforcement) का सबै चरणहरूमा मार्गदर्शन गर्नेछन्।

### ४.२ सिद्धान्त-१ : लगानीकर्ता संरक्षण (Investor Protection)

क) प्रत्येक नियामकीय निर्णयमा लगानीकर्ताको हितलाई सर्वोच्च प्राथमिकता दिइनेछ।

ख) लगानीकर्तालाई पर्याप्त, सत्य, समयानुकूल तथा बुझ्न सजिलो सूचना उपलब्ध गराइनेछ।

ग) ग्राहकको जोखिम वहन क्षमता, लगानी अनुभव तथा वित्तीय अवस्थाको मूल्याङ्कन गरेर मात्र मार्जिन सेवा उपलब्ध गराइनेछ।

### ४.३ सिद्धान्त-२ : बजारको निष्पक्षता (Market Integrity)

क) बजारमा मूल्य हेरफेर, कृत्रिम कारोबार, भित्री सूचना (Insider Information) को दुरुपयोग तथा अन्य अनुचित गतिविधिलाई रोक्न प्रभावकारी नियामकीय व्यवस्था गरिनेछ।

ख) सबै बजार सहभागीलाई समान अवसर तथा निष्पक्ष व्यवहार सुनिश्चित गरिनेछ।

### ४.४ सिद्धान्त-३ : जोखिममा आधारित नियमन (Risk Based Regulation)

क) नियमन तथा सुपरिवेक्षण जोखिमको प्रकृति, आकार, जटिलता तथा प्रणालीगत प्रभावका आधारमा सञ्चालन गरिनेछ।

ख) उच्च जोखिम भएका गतिविधिमा उच्च स्तरको निगरानी तथा पूँजी/मार्जिन आवश्यकताहरू लागू गरिनेछ।

### ४.५ सिद्धान्त-४ : समानुपातिक नियमन (Proportionality)

क) नियामकीय दायित्व संस्थाको आकार, कारोबारको मात्रा, ग्राहकको आधार तथा जोखिमको स्तरअनुसार निर्धारण गरिनेछ।

ख) साना तथा सीमित जोखिम भएका संस्थामाथि अनावश्यक नियामकीय भार नपर्ने व्यवस्था गरिनेछ।

### ४.६ सिद्धान्त-५ : पारदर्शिता तथा खुलासा (Transparency and Disclosure)

क) मार्जिन दर, ब्याज, शुल्क, Haircut, जोखिम तथा ग्राहक दायित्व स्पष्ट रूपमा खुलासा गरिनेछ।

ख) नियामकलाई आवश्यक सूचना समयमै उपलब्ध गराइनेछ।

### ४.७ सिद्धान्त-६ : उत्तरदायित्व (Accountability)

क) प्रत्येक अनुमतिपत्र प्राप्त संस्थाले आफ्ना निर्णय, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनका लागि उत्तरदायी रहनेछ।

ख) सञ्चालक समिति तथा प्रमुख व्यवस्थापनले नियामकीय अनुपालन सुनिश्चित गर्नुपर्नेछ।

### ४.८ सिद्धान्त-७ : बजार विकास (Market Development)

क) नियमनले बजार विकासलाई अवरोध गर्ने होइन, सुरक्षित रूपमा प्रोत्साहन गर्ने उद्देश्य राख्नेछ।

ख) नयाँ वित्तीय सेवा तथा प्रविधिको विकासलाई नियामकीय नियन्त्रणभित्र प्रोत्साहित गरिनेछ।

### ४.९ सिद्धान्त-८ : प्रविधि सक्षम नियमन (Technology Enabled Regulation)

क) नियामकीय प्रतिवेदन, जोखिम अनुगमन तथा सुपरिवेक्षणमा डिजिटल प्रणालीको प्रयोगलाई प्राथमिकता दिइनेछ।

ख) आवश्यक सूचना प्रविधि प्रणाली, साइबर सुरक्षा तथा डेटा संरक्षणका न्यूनतम मापदण्ड तोकिनेछन्।

### ४.१० सिद्धान्त-९ : संस्थागत समन्वय (Regulatory Coordination)

क) नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गरिनेछ।

ख) आवश्यक विषयमा सूचना आदान–प्रदान तथा संयुक्त कार्यसमूह गठन गर्न सकिनेछ।

### ४.११ सिद्धान्त-१० : चरणबद्ध कार्यान्वयन (Phased Implementation)

धितोपत्र वित्तीय सेवाको विकास निम्न चरणमा गरिनेछः

| | |
|---|---|
| पहिलो चरण | Margin Lending |
| दोस्रो चरण | Securities Lending and Borrowing (SLB) |
| तेस्रो चरण | Covered Short Selling |

प्रत्येक चरणको प्रभाव विश्लेषण पछि मात्र अर्को चरण लागू गरिनेछ।

### ४.१२ सिद्धान्त–११ : वित्तीय स्थायित्व (Financial Stability)

क) कुनै पनि नियामकीय निर्णयले समग्र वित्तीय प्रणालीको स्थायित्वमा नकारात्मक प्रभाव पार्ने अवस्था आउन नदिन आवश्यक सुरक्षात्मक व्यवस्था गरिनेछ।

ख) प्रणालीगत जोखिमको नियमित मूल्याङ्कन गरी आवश्यक सुधारात्मक उपाय अवलम्बन गरिनेछ।

### ४.१३ सिद्धान्त-१२ : निरन्तर समीक्षा (Continuous Improvement)

क) Regulations, Directives तथा Manuals को नियमित समीक्षा गरिनेछ।

ख) बजार विकास, प्रविधि, अन्तर्राष्ट्रिय अभ्यास तथा कार्यान्वयन अनुभवका आधारमा आवश्यक संशोधन गरिनेछ।

### ४.१४ नेपालको लागि विशिष्ट नीति सिफारिस

नेपालको वर्तमान बजार संरचनालाई ध्यानमा राखी निम्न विशेष सिफारिसहरू गरिन्छः

क) Margin Lending को प्रारम्भ सीमित योग्य धितोपत्र (Eligible Securities) बाट गरिने।

ख) SLB प्रारम्भमा संस्थागत लगानीकर्ताहरूबीच सीमित गरिने।

ग) Covered Short Selling केवल सक्रिय SLB बजार स्थापना भएपछि लागू गरिने।

घ) प्रत्येक चरणमा नियामकीय प्रभावको समीक्षा गरी आवश्यक संशोधन गरिने।

ङ) SEBON अन्तर्गत 'Securities Financing Supervision Unit' स्थापना गर्ने।

च) NEPSE र CDSC मा एकीकृत Real-time Risk Monitoring Platform विकास गर्ने।

### ४.१५ निष्कर्ष

यस अध्यायमा उल्लिखित मार्गदर्शक सिद्धान्तहरू यस नियामकीय रूपरेखाको Foundational Principles हुनेछन्। आगामी दिनमा तयार गरिने Regulations, Directives, Manuals, Circulars तथा Supervisory Guidelines यी सिद्धान्तहरूसँग सामञ्जस्ता हुनुपर्नेछ।

***

## अध्याय-पाँच

## नेपालको पूँजी बजारमा लिभरेज, धितोपत्र सापटी तथा उधारो, शर्ट सेलिङ्ग तथा डेरिभेटिभ्स जोखिम व्यवस्थापन नीति, २०८३ (Nepal Capital Market Leverage, Securities Lending, Short Selling and Derivatives Risk Management Policy, 2083)

### कार्यकारी सारांश (Executive Summary)

*नेपालको पूँजी बजार विगत दुई दशकमा उल्लेखनीय रूपमा विस्तार भएको भए पनि बजार संरचना अझै मुख्यतः Cash Equity Market मा केन्द्रित रहेको छ। विकसित तथा उदीयमान पूँजी बजारहरूले बजार गहिराइ (Market Depth), तरलता (Liquidity), जोखिम व्यवस्थापन (Risk Management) तथा संस्थागत लगानी विस्तारका लागि Margin Lending, Securities Lending and Borrowing (SLB), Covered Short Selling, Forward Contracts र Derivatives Instruments, जस्ता आधुनिक वित्तीय उपकरणहरू प्रयोग गर्दै आएका छन्। नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, पारदर्शी र जोखिम—सहनशील बनाउन यी उपकरणहरूको चरणबद्ध विकास आवश्यक रहेको छ।*

### नीतिको मुख्य उद्देश्य

*यस नीतिको मुख्य उद्देश्य "सुरक्षित लिभरेज, प्रभावकारी जोखिम व्यवस्थापन र आधुनिक बजार पूर्वाधारमार्फत नेपालको पूँजी बजारलाई गहिरो, तरल र संस्थागत बनाउने" रहेको छ ।*

### ५.१ नेपालको पूँजी बजारको विकास अवस्था

नेपालको पूँजी बजारमा NEPSE को विस्तार, Demat प्रणाली, Online Trading System, CDSC Settlement र Institutional Investors को वृद्धि भए पनि बजार संरचनामा अझै केही कमजोरी रहेका छन्।

**मुख्य चुनौतीः**

**(क) एकतर्फी बजार संरचनाः** हाल बजार मुख्यतः Buy → Hold → Sell मोडेलमा आधारित छ। Short Selling वा Derivative Instrument नभएकाले बजारमा Downside Risk Management, Hedging र Arbitrage का अवसर सीमित छन्।

**(ख) सीमित Risk Management Tools:** लगानीकर्तासँग Portfolio Protection, Market Risk Hedging र Price Risk Management का आधुनिक उपकरण उपलब्ध छैनन्।

**(ग) संस्थागत लगानीको सीमित भूमिकाः** Pension Fund, Insurance, Mutual Fund जस्ता संस्थागत लगानीकर्तालाई Liquidity Management, Yield Enhancement, Portfolio Strategy का लागि थप उपकरण आवश्यक छन्।

## ५.२ नीतिको उद्देश्य

यस नीतिका प्रमुख उद्देश्यः

क) Market Depth बृद्धिः तरलता र कारोबार Volume विस्तार गर्ने।

ख) Risk Management मा सुधारः लगानीकर्ता तथा संस्थालाई जोखिम व्यवस्थापन उपकरण उपलब्ध गराउने।

ग) Institutional Investor Development: दीर्घकालीन संस्थागत लगानी बढाउने।

घ) Market Efficiency मा सुधारः Price Discovery र Arbitrage Mechanism विकास गर्ने।

घ) International Best Practice अपनाउनेः भारत, दक्षिण कोरिया, मलेसिया, सिंगापुर लगायतका बजार अनुभवबाट सिक्दै नेपालको आवश्यकता अनुसार प्रणाली विकास गर्ने।

## ५.३ नीति कार्यान्वयनका मुख्य स्तम्भ

प्रस्तुत नीति चार मुख्य स्तम्भमा आधारित हुनेछः

| विवरण | उद्देश्य | मुख्य व्यवस्था |
|---|---|---|
| स्तम्भ—१<br>Margin Lending Framework | लगानीकर्तालाई नियन्त्रित र सुरक्षित Credit Facility उपलब्ध गराउने। | क) Licensed Stockbroker/Stock Dealer आधारित Margin Lending<br>ख) Automated Margin Calculation<br>ग) MTM<br>घ) Margin Call<br>ङ) Forced Liquidation Framework |
| स्तम्भ—२<br>Securities Lending and Borrowing (SLB) | धितोपत्र सापटी तथा उधारो बजार स्थापना गर्ने। | क) CDSC Based SLB Platform<br>ख) Lender/Borrower Registry<br>ग) Collateral Management<br>घ) Lending Fee Mechanism<br>ङ) Default Protection |
| स्तम्भ—३<br>Covered Short Selling | बजारमा दुईतर्फी कारोबार तथा मूल्य अन्वेषण प्रक्रिया सुधार गर्ने। | क) Covered Short Selling मात्र अनुमति<br>ख) Naked Short Selling निषेध<br>ग) Borrow Confirmation अनिवार्य<br>घ) Short Position Monitoring<br>ङ) Buy-in Mechanism |
| स्तम्भ—४<br>Covered Forward Contract तथा Derivative Infrastructure | भविष्यको मूल्य जोखिम व्यवस्थापन गर्ने। | क) Exchange Based Forward Contract<br>ख) Margin Requirement<br>ग) Settlement Guarantee<br>घ) Risk Monitoring System |

## ५.४ Institutional Framework

| निकाय/संस्था | भूमिका |
|---|---|
| SEBON | क) Policy Maker<br>ख) Regulator<br>ग) Supervisor<br>घ) Market Developer |
| NEPSE | क) Trading Infrastructure<br>ख) Market Surveillance<br>ग) Product Operation |
| CDSC | क) Securities Registry<br>ख) Lending Platform<br>ग) Settlement Infrastructure |
| Stockbroker तथा Stock Dealer | क) Customer Management<br>ख) Margin Monitoring<br>ग) Risk Control<br>घ) Compliance |

## ५.५ Technology Architecture Framework

